# पञ्चदेवल विनायक नगरपालिकाको नगरसभामा नगर उपप्रमुख श्री अम्बिका चलाउनेज्यू द्धारा प्रस्तुत
# आ.व. २०७५।०७६ को वार्षिक नीति तथा कार्यक्रम

**यस गरिमामय तेश्रो नगरसभाका सभाध्यक्षज्यू तथा उपस्थित सदस्यज्यूहरु,**

आजको यस पावन अवसरमा जनतालाई लोकतान्त्रिक विधि र पद्धतीद्धारा सार्वभौमसत्ता सम्पन्न बनाउने क्रमका विभिन्न कालखण्डमा शहादत प्राप्त गर्नु हुने ज्ञात अज्ञात बीर शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अपर्ण गर्न चाहन्छु ।

यस सम्मानित गरिमामय सभामा पञ्चदेवल विनायक नगरपालिकाको उपप्रमुखका हैसियतले आज म यस पञ्चदेवल विनायक नगरपालिकाको दोश्रो वर्ष अर्थात आ.व.२०७५।०७६ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त हर्षित भएकी छु ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यवस्थाको माध्यमद्धारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न नेपालको संविधान जारी भई कार्यान्वयनको चरणमा रहेको र करिव १ वर्ष ब्यतित हुन लागेको ब्यहोरा जाहेर गर्दछु । संविधानको मर्म र संघीय संरचना अनुरुप जनताको नजिकको सरकार अर्थात स्थानीय सरकारको रुपमा हामी बामे सर्दैछौं ।

नेपालको संविधानले स्थानीय तहको लागि एकल अधिकारहरु र पन्ध्र प्रकारका साझा अधिकारका सूची निर्धारण गरेको ब्यहोरा स्मरण गराउँदछु । निर्धारित सूचीको अधिनमा रही स्थानीय तहले कानून बनाई सोको कार्यान्वयन मार्फत स्थानीयस्तरमा विकास र समृद्धिको बाटो तय गर्नु प्रत्येक स्थानीय तहको साझा कार्यभार बनेको छ । स्थानीय तहमा अधिकार र जिम्मेवारी मात्र नभई श्रोत साधन र जनशक्ति समेत हस्तान्तरण भई स्थानीय सरकारको कार्यक्षमता र कार्यसम्पादनको स्तर अभिवृद्धि गर्ने प्रक्रियामा रहेको एवं स्थानीय तह शासन सञ्चालन ऐन, २०७४ जारी भई सोही ऐन मुताविक समय समयमा संघ अर्थात केन्द्रबाट प्राप्त मार्गनिर्देशित कानून मार्फत् यहाँ विद्यमान रहेका समस्या र चुनौतीहरुलाई पार लगाउदै पञ्चदेवल विनायक नगरपालिकाको तश्रो नगरसभामा आ.व.२०७५।०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न लागेको छु ।

## चालु आ.व. २०७४/०७५ मा नगरपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमहरुको समीक्षा:

चालु आ.व. २०७४/०७५ का योजना तथा कार्यक्रमहरुको समिक्षा गर्दा कार्यान्वयन गर्ने सिलसिलामा केही कमी कमजोरी रहेतापनि समग्रमा सन्तोष जनक रुपमा सम्पन्न भए गरेको पाइयो। यस वर्ष पूर्वाधार तर्फ नगरपालिकाको ९ वटै वडाहरुलाई सडक सञ्जालसंग जोडी वडाबाट नगरपालिकासंग सहज पहुँच निर्माण गरिएको छ । राष्ट्रपति रनिङ्ग सिल्ड सञ्चालन गर्ने मैदान, कृषि प्राविधिक शिक्षालयको भवन निर्माण र बनवाटिका समेत निर्माण कार्य सम्पन्न गरियो।

सामाजिक विकास तर्फ महिला हिंसाको रुपमा जरा गाडेको छाउपडी कुप्रथा विरुद्ध ९ वटै वडामा चेतनामूलक अभियान सञ्चालन गरियो । गर्भवति आमा र बच्चाको पोषणको अवस्था सुधार गर्न विभिन्न खालका कार्यक्रमहरु मार्फत कृषि र सरसफाईजन्य कार्यक्रमहरु सञ्चालन गरियो ।

कृषिबाट समुदायलाई आत्मनिर्भर बनाउन सिंचाई र खेतीयोग्य जमिनको संभाब्यता अध्ययन गरी यस न.पा. अन्तर्गतका कुजेडा, आली, घाटछाल र चिल्ताडालाई भविष्यमा कृषि पकेट एरिया बनाउन केही कृषिका कार्यक्रमहरु सञ्चालन गरियो । साथै अन्य वडाहरुमा बीउ-बिजनहरु वितरण गरी

कृषकहरुलाई प्रोत्साहन गर्ने काम सम्पन्न भयो र पशु किसानहरुलाई प्रोत्साहन गर्न खोर व्यवस्थापन र राँगा, बोका वितरण कार्यक्रम सम्पन्न गरियो ।

आर्थिक रुपले विपन्न र दीर्घरोगीहरुलाई सामान्य राहत स्वरुप केही आर्थिक सहायता उपलब्ध गराइयो र आगामी  आ.व.मा पनि निरन्तरता दिन आर्थिक सहायता कार्यविधि निर्माण गरियो ।

नगरपालिकाको काम कारवाहीलाई व्यवस्थितरुपमा सञ्चालन र नियमन गर्न हालसम्म १२ वटा कानुन र कार्यविधिहरु निर्माण गरी कार्यान्वयनमा ल्याइयो र बाँकी कानून एर्व कार्यविधिहरु निर्माण गर्ने काममा नगरपालिका लागी परिरहेको जानकारी गराउँदछु ।

**सभाध्यक्ष महोदय,**

अब म आ.व. २०७५।०७६ मा यस नगर क्षेत्रको विकासका लागि अवलम्वन गरिने नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**१. मूलभुत नीतिहरुः**

- स्थानीय तहको लागि संविधानले व्यवस्था गरेका अधिकारका सूची अन्तर्गत रही आवश्यक कानून बनाउने कार्यलाई प्राथमिकता दिइनेछ ।
- योजना छनौट गर्दा टोल स्तरबाटै सहभागितामूलक पद्धती द्वारा सबैलाई सरिक गराई योजना छनौट गर्ने र सम्बन्धित वडा समितिबाट प्राथमिकीकरण गरी योजना छनौट गर्ने नीति लिईएको छ ।
- यस नगरपलिकाले चालु आ.व. देखि नै ग्रमिण सडक र सम्बन्धित वडा एवं समुदायको आधारभूत आवश्यकताको परिपूर्ति हुने हिसाबले योजना सञ्चालन गर्ने कार्यलाई प्राथकिता दिने नीति लिईएको छ ।
- योजना कार्यान्वयन गर्दा बढी भन्दा बढी योजनाहरु उपभोक्ता समितिहरुद्वारा नै कार्यान्वयन एवं सञ्चालन गर्ने नीति लिईएको छ ।
- स्थानीय आवश्यकता पहिचान गरी सोका लागि प्राप्त सीमित स्रोत साधनबाट बढी भन्दा बढी आवश्यकताको परिपूर्ति गर्ने जिम्मेवारी हाम्रा सामु रहेको छ जस् अनुसार टोल स्तरबाटै आएका योजनाहरु सम्बन्धित वडा र विषयगत क्षेत्र हुँदै बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट बाँडफाँड गर्ने नीति लिईएको छ ।
- महिला, बालवालिका, दलित, अपांग, पिछडिएको समुदाय आदि विशेष लक्षित वर्गलाई विकासको मूल धारमा ल्याई ती समुदायलाई विकासमा सहभागी गराउने नीति लिईने छ ।
- नरपालिकाको आन्तरिक आयमा वृद्धि नभई नगरको समुचित विकास असम्भव प्रायः भएकोले यस नगरपालिकाको आन्तरिक आम्दानीमा वृद्धि गरी लक्ष्य अनुसारको राजश्व परिपूर्तिका लागि नगरपालिकामा एक उच्चस्तरीय संयन्त्र निमार्ण गरी सोही संयन्त्र मार्फत राजश्व संकलन कार्यलाई तिव्रता दिने नीति लिइने छ ।
- नगरपालिकालाई अँध्यारोमूक्त बनाउन यसै वर्ष वडा नं. ९ लाई अँध्यारोमूक्त वडा घोषणा गर्न पहल गरिनेछ र आगामी वर्ष अन्य वडाहरुलाई पनि अँध्यारोमूक्त वडा घोषणा गर्न विद्युतको केन्द्रीय प्रशारणलाईनलाई विस्तारका लागि पहल गरिनेछ ।
- नगरको आर्थिक सवलिकरणका लागि कृषि, उद्योग तथा वाणिज्य, पर्यटन पवर्द्धन, सहकारी एवं वित्तिय क्षेत्रको विकासमा जोड दिईने छ ।
- नगरको सौन्दर्यता भनेको नगरको वातावरणीय सरसफाई, फोहोर मैला व्यवस्थापन, हरियालीका लागि सुन्दर बगैंचाहरुको निर्माण एवं सार्वजनिक शौचालयको निर्माण आदिको उचित प्रबन्ध गर्नु

पर्ने भएकोले नगरबासीहरुसँग सहकार्य गरी आवश्यक पूर्वाधारहरु बनाउने कार्यलाई प्राथकिताका साथ अगाडि बढाउदै लगिने नीति लिईएको छ ।

- नेपाल सरकारको एक नेपाली एक फलफूल विरुवा रोपण अभियान नीति अन्तर्गत यस नगरलाई फलफूलको बगैंचा बनाउने लक्ष्यका साथ "एक नगरवासी एक फलफूलको विरुवा रोप्ने" कार्यलाई तिव्रताका साथ अगाडी बढाइनेछ ।
- कृषिलाई ब्यावसायिक रुपमा विकास गर्न नगरपालिकामा प्राप्त स्रोत साधनको अधिकतम पचािलनमा जोड दिईने छ ।
- नगरपालिकाको वडा नं. ६ को बनभ्फाडी केतुकानामा टिमुर खेतीको पकेट एरिया बनाउन आवश्यक पहल गरिनेछ ।
- नगरपालिकाको वडा नं. ८ बारलाको बोहरागाँउ कोसेडीमा स्याउ खेतीका लागि सम्भाब्यता अध्ययन गरिनेछ ।
- उद्योगधन्दा र ब्यावसायको माध्यमबाट आर्थिक समृद्धि हासिल गर्न सहज हुने भएकाले घरेलु उद्योग ब्यवसाय सञ्चालन गर्ने उद्यमीलाई प्रोत्साहन गर्दै लगिनेछ ।
- सामाजिक क्षेत्रको विकासका लागि लक्षित वर्ग र समुदाय, शिक्षा, स्वास्थ्य, स्वच्छ पिउने खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा समावेशीकरण एवं यस क्षेत्र अनुकुलका सांस्कृतिक सम्पदाहरुको संरक्षणमा जोड दिने नीति लिईएको छ ।
- महिला, बालबालिका, दलित, जनजाती, अपांग, अल्पसंख्यक, पिछडिएको वर्ग, बृद्ध तथा विपन्न वर्गहरुको सहभागिता र विकासमा जोड दिईनुका साथै नगरमा विद्यमान छाउपडी प्रथालाई निरुत्साहित गर्ने कार्यलाई सघन रुपमा कार्यक्रमहरु मार्फत सम्बोधन गरिनेछ ।
- बेरोजगार महिलाहरुलाई ब्यावसायिकता तर्फ उन्मुख गराउन सीपमूलक तथा आयमूलक तालिमहरु प्रदान गरी आय आर्जनमा बृद्धि गर्दै स्वनिर्भर बनाउदै लगिने नीति लिईनेछ ।
- सार्वजनिक निकायमा भौतिक निर्माण गर्दा बालमैत्री, अपांगमैत्री बनाउदै लगिने र अनाथ ब्यक्तिहरुका लागि सशक्तिकरण गर्दै लगिनेछ ।
- आधारभूत शिक्षामा सबैको पहुँचका लागि विशेष जोड दिने नीति लिइने छ ।
- नगरपालिकाको शैक्षिकस्तर माथि उठाउन नगरपालिका भित्र रहेका शैक्षिक संस्थाहरुको पूर्वाधार विकासमा जोड दिईनुका साथै शैक्षिक संस्थाहरुको सघन अनुगमन गरी मूल्यांकनमा आधारित नतिजामुखी कार्यक्रममा विशेष जोड दिइने नीति अवलम्बन गरिनेछ ।
- प्राविधिक शिक्षातर्फ विद्यार्थी वर्गलाई आकर्षित गरी प्राविधिक शिक्षामा विद्यार्थीहरुको पहुँच बढाउन आवश्यक पहल गरिनेछ ।
- स्वास्थ्यमा सबैको पहुँचका लागि स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्रहरुबाट प्रदान गरिने सेवालाई सुदृढीकरण गरिनेछ र बारलाको बोहरागाँउ र कालेकाँडाको भाडगाँउमा रहेका गाँउघर क्लिनिकहरुको स्तरोन्नती गरी आवश्यक सामाग्रीसहित अ.न.मी.को ब्यवस्था गरिनेछ ।
- स्वास्थ्य प्रवर्द्धनका लागि स्वास्थ्य संचार सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- आमा र बच्चाको पोषण अवस्थालाई सुधार ल्याउन बच्चा जन्मेको ३५ दिन भित्र स्वास्थ्य संस्थाबाट बच्चा जन्मेको कार्डसहित जन्मदर्ता गर्न आउँदा आमालाई रु. ५०० का दरले रकम प्रदान गरिनेछ ।
- स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्रहरुको आवश्यक मर्मत सुधार गरिनेछ ।

- एच.आई.भी. एडस्, असाहाय टुहुरा, अशक्त, अनाथ र जेहेन्दार बालबालिकाहरुको लागि छात्रवृत्ति तथा अनुदान सहयोग गर्ने नीति अवलम्वन गरिनेछ ।
- खेलकुद विकासका लागि खेलकुद सामग्री, खेलमैदान तथा खेलकुदका लागि पूर्वाधार विकास तथा निर्माणको कार्यलाई प्राथमिकता दिईनेछ ।
- पर्यटन विकासका लागि नगर क्षेत्र भित्र रहेका धार्मिक, ऐतिहासिक तथा पूरातात्वीक सम्पदाहरुको विकास तथा ब्यवस्थापनमा जोड दिने नीति अवलम्वन गरिनेछ ।
- यस क्षेत्रको प्रचलनमा रहेका परम्परागत चाडपर्व, कला संस्कृतिको विकास, संरक्षण र सम्वर्द्धन गर्दै आन्तरिक पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ ।
- नगरपालिकको सबै वडा कार्यालयहरुमा ल्याण्डलाईन टेलिफोन सेवा तथा इन्टरनेट सेवा विस्तार गर्दै वडा र नगरपालिकको काम कारबाहीलाई आवद्ध गरिने नीति लिइनेछ ।
- नगर भित्रका वृहत खानेपानी तथा अन्य योजनाहरु सम्पन्न गर्न समपूरक कोष खडा गरी अन्य निकायसंग साझेदारी गरिनेछ ।
- नगरको आधारभूत पूर्वाधारहरु सडक, पुल, खानेपानी तथा सरसफाई, विघूत तथा उर्जाको एकिकृत विकासका लागि सम्भावयता अध्ययन गर्ने कार्यमा तिब्रता दिईनेछ ।
- यो वर्ष SEE परीक्षामा उत्कृष्ट नतिजा प्राप्त गर्ने छात्र, छात्रा र उत्कृष्ट सिकाई उपलब्धि हासिल गर्ने विद्यालय र विषय शिक्षकलाई **"उदयराम जैसी छात्रवृति"** कार्यक्रम मार्फत प्रोत्साहन प्रदान गरिनेछ ।
- सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न निजि स्रोतबाट करारमा कार्यरत शिक्षकहरुलाई विद्यार्थी संख्या अनुपात र विद्यालयको अवस्था हेरी एकमुष्ट प्रोत्साहन स्वरुप रकम प्रदान गरिनेछ ।
- समुदायमा आधारित बालविकास केन्द्र र विद्यालयहरुको अवस्था हेरी मर्ज गर्ने नीति अवलम्वन गरिनेछ ।
- साना सिँचाई कार्यक्रमहरु संचालन गरि कृषि पेशालाई ब्यावसायीक बनाउन पहल गरिनेछ ।
- कृषिको पकेट एरिया बनाउनका लागि माटो परिक्षण शिविर संचालन गरिनेछ ।
- विपन्न महिला, दलित, एकल महिला तथा कृषि जे.टि.ए. पढी बेरोजगार बसेका युवा-युवतिहरुलाई लक्षित गरी मौरी घार सहयोग र च्याउ खेती विकास लगायतका विविध कार्यक्रमहरु संचालन गरिनेछ ।
- स्थानीय विपद् तथा जलवायु उत्थानशिल सिकाई केन्द्र र सुचना केन्द्र निर्माण गरिनेछ ।
- बालबालिकाहरु भविष्यका कर्णधार हुन । उनिहरुलाई सक्षम बनाउन यसै वर्षभित्र यस नगरपालिका अन्तर्गत २ र ३ नं. वडालाई बालमैत्री स्थानीय शासन घोषणा गरिनेछ र अन्य वडाहरुमा पनि बालमैत्री स्थानीय शासन घोषणा गर्नका लागि आवश्यक सुचकहरु पूरा गर्न पहल गरिनेछ ।
- सेवा ग्राहीहरुका गुनासा सुन्न नगरपालिकामा हेल्प डेस्क को ब्यवस्था गरिनेछ ।
- सबैका लागि स्वास्थ्यको सवल र प्रभावकारी पहुँचका लागि निजिस्रोतबाट राखिएका स्वास्थ्यकर्मीहरुलाई नगरपालिकाबाट एकमुष्ट रकम प्रदान गरिनेछ ।
- पशु कृषकहरुलाई ब्यावसायीक र आयमूलक बनाउन प्रत्येक वडाहरुमा १/१ ओटाका दरले उन्नत जातको वयर बोका वितरण गरिनेछ ।

- नगरपालिकाको संस्थागत विकास तथा सेवा प्रवाह र सुशासनका लागि सूचना प्रविधिको प्रयोगमा जोड दिइनेछ ।
- मानव संसाधन विकास तथा कर्मचारी व्यवस्थापनका लागि कर्मचारीको मनोवल उचच राखी कार्य गर्ने वातावरण मिलाउन प्रभावकारी व्यवस्थापनको लागि आवश्यक नीति तथा संगठनको काम कारबाहीमा जवाफदेही र जिममेवार बनाउन कार्य सम्पादन मूल्यांकन तथा योगदानमा आधारित दण्ड र पुरस्कार प्रणालीको थालनी गरिने नीति लिईनेछ ।

२. अन्य नीतिहरुः

१. वडा कार्यालयहरुलाई सेवा प्रवाहको केन्द्रको रुपमा विकसित गरिनेछ।

२. सेवाग्राहीका गुनासा तथा उजुरीलाई पहिलो प्राथमिकतामा राखी सम्बोधन गरिनेछ ।

३. सेवा प्रवाहलाई सूचना तथा संचार प्रविधिसंग आवद्ध गरिदै लगिनेछ ।

४. विषयगत शाखाका कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता ल्याउन आवश्यक पहल गरिनेछ ।

५. विकास आयोजना तर्जुमा, कार्यान्वयन र लाभ बाँडफाडमा अत्यधिक जनसहभागिता जुटाइनेछ ।

६. नगरपालिकाबाट संचालित ठुला तथा साना विकास आयोजना तथा कार्यक्रमलाई नतिजामा आधारित बनाउन सघन अनुगमन कार्यको थालनी गरिनेछ ।

७. हरेक वडामा एक नमुना योजना छनोट गरी प्राथमिकताका साथ कार्यान्वयन गर्ने परिपाटीको थालनी गरिनेछ ।

८. सामाजिक परिचालक मार्फत लक्षित वर्गको सशक्तिकरण, उथ्थान र विकासलाई जोड दिइनेछ ।

९. जनताको जीवनस्तर, आम्दानी र रोजगार प्रवर्द्धनमा सहयोग पुग्ने कार्यक्रमहरुको छनोट गर्दै लगिनेछ ।

१०. युवालाई सधैं सक्रिय र उर्जाशील राखी कुलत, दुर्व्यसन र सामाजिक कुरिती विरोधी अभियानमा परिचालन गरिनेछ ।

११. विकास प्रशासनमा सुशासन प्रवर्द्धनका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण तथा सामाजिक परिक्षण जस्ता (Tools) को प्रयोग गरिनेछ ।

१२. सार्वजनिक सम्पत्तिको संरक्षण, सम्वर्द्धन र विकास गर्ने नीति लिइनेछ ।

१३. नगरको आर्थिक, सामाजिक विकास र समृद्धिको लागि नगरस्तरिय राजनैतिक दल, करदाता, समाजसेवी, बुद्धिजिवि, नागरिक समाज लगायत सम्पूर्ण नगरवासीको सल्लाह र सुझाव लिइने छ ।

१४. वस्तु तथा सेवा खरिद गर्दा सकेसम्म स्थानीयस्तरमा उपलब्ध वस्तु तथा सेवालाई प्राथमिकता दिइनेछ ।

१५. कार्यालय संचालनमा मितव्ययीता अपनाइने छ।

३. क्षेत्रगत नीति तथा कार्यक्रम

(क) पूर्वाधार विकास

(ख) कृषि, वन, वातावरण तथा सरसफाई

(ग) सामाजिक क्षेत्र विकास

(घ) लक्षित वर्ग विकास

(ङ) संगठन तथा प्रशासन

(च) राजस्व सुदृढीकरण

(छ) युवा, खेलकुद र पर्यटन

(झ) उद्योग तथा रोजगारीमा विकास

३. (क) पूर्वाधार विकासः

- वडा कार्यालय भवन नभएका वडाहरुमा वडा कार्यालय भवन निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइने छ ।
- नगरको सडक गुरुयोजना र भवन निर्माण मापदण्ड बनाई लागु गरिनेछ ।
- नगरका मुख्य सडकहरुको निर्माण र मर्मत गर्दा नाली काटी सडक निर्माण गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइने छ ।
- न.पा. क्षेत्रभित्र न.पा. घोषणा हुनुपूर्व र घोषण पश्चात, नक्सापास लागु हुनुपूर्व र नक्सा पास लागू भए पश्चात निर्माण भएका र हुने सरकारी तथा गैर-सरकारी भवन, मठ, मन्दिर, निजी भवनहरुमा आवश्यक मापदण्ड तयार गरी सम्पूर्ण घर तथा भवनहरुलाई नक्सा पासको दायरामा ल्याउने लगत संकलन गर्ने कार्यको सुरुवात गरिने छ।
- आ.ब २०७२/०७३ पश्चात निर्माण भएका र निर्माण हुने सम्पूर्ण भवनहरु शहर तथा वस्ती विकास सम्बन्धि आधारभूत मापदण्ड २०७२ बमोजिमका प्रावधान अवलम्बन गरी नक्सा पास गर्ने कार्यको थालनी गरिने छ।
- नयाँ भवन निर्माण, तला थप्ने जस्ता कार्यहरु गर्दा नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्र निर्माण गर्नुपर्ने सोचको विकास गर्न आवश्यक पहल गरिने छ ।

३. (ख) कृषि, वन, वातावरण तथा सरसफाई

- विषादीयुक्त कृषि उत्पादनलाई निरुत्साहित गर्दै आर्गनिक ब्यावसायिक कृषि प्रवर्द्धनमा जोड दिइने छ।
- कृषि उपज संकलन केन्द्र एवं मलखाद डिपो निर्माण गर्न आवश्यक पहल गरिनेछ ।
- एक घर एक करेसाबारीको नीति लिइने छ ।
- खेतीयोग्य जमिनलाई खेती गर्नुपर्ने र खाली जमिन वृक्षारोपण गर्नुपर्नेमा जोड दिइने छ ।
- मठ, मन्दिर लगायतका धार्मिक तथा आध्यात्मिक क्षेत्र वरपर धार्मिक महत्व झल्किने रुख, विरुवा लगाउन प्रोत्साहन गरिनेछ ।
- कृषि योग्य जमिनको माटो परिक्षण गरि फलफूलका विरुवा वितरण गरिनेछ ।
- सहकारी खेती प्रणालीलाई प्राथमिकता दिइने छ ।

३.(ग) सामाजिक क्षेत्र विकास/शिक्षा

- विद्यालयमा शतप्रतिशत विद्यार्थी भर्ना तथा साक्षरता घोषणा गर्ने कार्यलाई प्राथमिकता राखिने छ ।
- कुपोषणको कारण शारिरीक तथा मानसिक विकासमा कठिनाई हुने हुँदा कुपोषण तथा न्युन पोषणको समस्या समाधान गर्न उचित पहल गरिने छ ।
- सार्वजनिक विद्यालयको शैक्षिका गुणस्तर सुधार गर्न निजि स्रोतबाट करारमा रहेका शिक्षकहरुलाई विद्यार्थी संख्याको अनुपात र विद्यालयको आर्थिक अवस्था हेरी एकमुष्ट प्रोत्साहनस्वरुप विद्यालयलाई रकम प्रदान गरिनेछ ।
- नगरपालिकाको सामाजिक विकास शाखा अन्तर्गत NGO को लगत र अभिलेखीकरण गरी क्रियाशील हुन अभिप्रेरित गरिने छ ।
- नगर क्षेत्रको दिगो विकास गर्न सरकारी तथा गैर-सरकारी संघ-संस्था, विकास साझेदार निकाय र निजी क्षेत्रसंग सहकार्य गरिने छ ।

- टोल विकास संस्था गठन गरी आय आर्जन वृद्धि एवं क्षमता विकास मार्फत योजना तर्जुमा प्रक्रियामा सक्रिय रुपमा सहभागी गराइने छ ।

३. (घ) लक्षित वर्ग विकास कार्यक्रमहरुः

- लक्षित समूह विकास कार्यक्रमलाई प्राथमिकतामा राखी प्रभावकारी कार्यान्यनको ब्यवस्था गरिने छ ।
- महिला, आदिवासी, जनजाती, दलित लगायत अन्य आर्थिक तथा सामाजिक रुपमा पछि परेका वर्ग र समुदायलाई लक्षित गरी छनौट भएका विकास आयोजना तथा कार्यक्रम कार्यान्वयन मा उनिहरुलाई नै सहभागी गराइने छ ।
- सबै वडाका महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिवृद्धिका लागि उनीहरुलाई तालिमको ब्यवस्था मिलाइने छ ।
- बालबालिकाको जन्म दर्ता लगायत अन्य ब्यक्तिगत घटना दर्ता कार्यलाई Online प्रविधिको माध्यमबाट संचालन गर्न आवश्यक पहल गरिनेछ ।

३. (ङ) संगठन तथा प्रशासन सुदृढीकरणः

- नगरपालिकामा कार्यरत कर्मचारीको कार्यविवरण तयार गरी मूल्याङ्कन सूचकको आधारमा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गर्दै जाने नीति लिइने छ ।
- कार्यालयको काममा लापरबाही गर्ने, अनुशासनहिन काम गर्ने र जिम्मेवारीपूर्वक कार्यसम्पादन नगर्ने कर्मचारीलाई कडाईका साथ कानुन बमोजिम कारवाही गरिनेछ ।
- कर्मचारीको समायानुकुल आधुनिक प्रविधि मा दक्षता अभिवृद्धि गर्न र सकरात्मक सोचको विकास गर्न समय-समयमा तालिमहरु प्रदान गरिनेछ ।
- कार्यालयको अभिलेख ब्यवस्थापनलाई प्रभावकारी बनाइने छ ।
- नगदमा आधारित लेखा प्रणालीलाई क्रमशः प्रोदभावी लेखा प्रर्णालीमा रुपान्तरण गर्दै लगिने छ ।

३. (च) राजस्व संकलन सुदृढिकरण :

- नगरको राजस्वका सम्भावनाको खोजी तथा पहिचान गरी स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको उच्चतम प्रयोग मार्फत नगरको समृद्धि र विकासका लागि राजस्वको सम्भावना भएका क्षेत्रहरुको सम्भाब्यता अध्ययन गरिने छ ।
- नगरको आन्तरिक आय अभिवृद्धि गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेल्ने करदाताहरु मध्येबाट छनौट गरी पुरस्कृत गर्ने कार्यको थालनी गरिनेछ ।
- संविधान र प्रचलिन कनून बमोजिम स्थानीय तहले संकलन गर्ने करका क्षेत्रहरुको पहिचान गरी करको दायरा वृद्धि गर्दै जाने र राजस्व/कर असुलीमा कडाई का साथ अभियान नै संचालन गरिने छ।

३. (छ) युवा, खेलकुद र पर्यटन :

- नगर क्षेत्रभित्र रहेका खेल मैदानहरुको स्तर उन्नती गर्ने कार्यको थालनी गरिने छ ।
- खेलकुद क्षेत्रका पूर्वाधार विकासका लागि समन्वयकारी भूमिका निर्वाह गरिने छ ।
- युवालाई कला संस्कृतिको जगेर्ना तथा साहित्य रचनामा आकर्षित गर्न विशेष कार्यक्रम संचालन गर्ने कार्यको थालनी गरिने छ ।
- नगरक्षेत्र भित्र रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं प्राकृतिक महत्वका सम्पदाहरुको संरक्षण विकास र प्रचार प्रसार गरी पर्यटन प्रवाहलाई वृद्धि गर्न आवश्यक पहल गरिने छ।

३. (भ) उद्योग तथा रोजगारी

- कृषि, पशु, सहकारी जस्ता आर्थिक विकासका संभाव्य क्षेत्रहरु मा लगानी बढाउदै जाने नीति अवलम्वन गरिने छ ।
- सहकारी तथा सामुदायिक संस्थाको अग्रसरतामा घरेलु तथा साना उद्योग को विकास र परम्परागत पेशाको ब्यावसायिकता मार्फत स्वरोजगार प्रवर्द्धनमा जोड दिइने छ ।
- नगर उद्योग वाणिज्य संघको गठन र ब्यवस्था गरी नगरको उद्योग ब्यावसायलाई प्रवर्द्धन गर्ने कार्यलाई प्राथमिकता दिइने छ ।

अन्त्यमा यस नगरपालिकाको विकास र समृद्धिका लागि अख्तियार गरेको आ.ब. २०७५/०७६ का लागि प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्वद्ध सबै नगरवासी बुवा आमा, दाजुभाई, दिदीबहिनीहरुको साथ सहयोग, सुझाव, सल्लाह र सहभागिताको हार्दिक अपेक्षा राख्दै सभाध्यक्षज्यूको अनुमतीले आ.ब. २०७५/०७६ को यो नीति तथा कार्यक्रम स्वीकृतिका लागि टेवुल गर्न अनुरोध गर्दछु।

धन्यवाद !